नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

आषाढ/श्रावण २०८० (July 2023) वर्ष २६/अङ्क २९३

## आफ्नो वरदानअनुसार सेवा गर्नु

- पाष्टर सिमोन पाठक

एकदिन एकजना दाजुले भन्नुभयो, खुर्सानीको काम जिब्रोलाई स्वाद दिनु हो तर खुर्सानीलाई जिब्रोमा नलगाएर आँखामा लगायो भने के हुन्छ ?

हामीले आफूमा भएको वरदानअनुसार काम गरेनौं भने अरू मानिसहरूलाई स्वाद दिने जीवन बन्नुको सट्टा खुर्सानीलाई आँखामा लगाउँदा जसरी पोल्छ त्यसरी नै अरू मानिसको जीवनलाई पोलिराखेका हुन्छौं । उदाहरणको निम्ति, जसलाई ठीक ताल र सुरमा गीत गाउनै आउँदैन उसलाई आराधना सेवामा आराधना अगुवाइ गर्न दियो भने के हुन्छ ? जसलाई बाइबल धर्मशास्त्रबाट प्रचार गर्न नै आउँदैन उसलाई सिकाउने, प्रचार गर्ने कुराको वरदान नै छैन उसलाई वचन प्रचार गर्न दियो भने के हुन्छ ? प्रभुको सेवा गर्ने विभिन्न क्षेत्रहरू छन् । ती क्षेत्रहरूमध्ये कहाँ रहेर सेवा गर्ने सो हामीले जान्न सकेनौं भने प्रभुको मण्डली कमजोर बन्न पुग्छ ।

नेइमको एक वर्षे बाइबल स्कूलमा बाइबलिय अगुवापन सिकाउँदा मैले जोड दिने एउटा कुराचाहिँ मण्डलीमा हामीले सेवकाइ खोज्नुपर्छ, पद खोज्ने होइन । सेवकाइले हामीलाई प्रभुको सेवा गर्ने एउटा प्ल्याटफर्म दिन्छ अर्थात् मञ्च दिन्छ । त्यही मञ्चले पदको सृजना गर्छ ।

शुरूमा हामीलाई मेरो के वरदान छ भनेर चिन्न गाह्रो हुन्छ । तर हामी सबैलाई आफूसँग भएको सीप, प्रतिभा, क्षमता, दक्षता थाहा हुन्छ । त्यसअनुसार मण्डलीमा सेवा गर्न शुरू गर्नुपर्छ । तपाईंले गरेको त्यही सेवकाइले सेवा गर्ने एउटा मञ्च तयार हुन्छ । कतिजनालाई मेरो सीप, प्रतिभा, क्षमता, दक्षता के छ भनेर थाहा नहुन सक्छ । तर तपाईंको हृदयमा प्रभुको निम्ति जे गर्ने इच्छा छ, त्यही गर्दै जानुभयो भने त्यही कुराले पछिबाट प्रभुको निम्ति सेवा गर्ने ठाउँ तयार हुन्छ ।

१ कोरिन्थी १२:१२-२७ पदअनुसार हामीहरू खीष्टका शरीर हौं । जसरी मानव शरीरमा विभिन्न अंगहरू हुन्छन् त्यस्तै हामी मण्डलीका प्रत्येक व्यक्ति खीष्टको शरीरका अंगहरू हौं ।

जसरी शरीरका सबै अंगहरूले आफ्नो आफ्नो काम गरे भने पूरा शरीर स्वस्थ हुन्छ, सक्रिय हुन्छ त्यसरीनै मण्डली पनि स्वस्थ र सक्रिय हुन मण्डलीमा भएका सबै विश्वासीहरूले म खीष्टको शरीरको कुन अंग हुँ पहिचान गरेर त्यसअनुसार काम गरे भने मात्र मण्डली जल्दोबल्दो हुन्छ ।

मण्डलीमा हामीहरूमध्ये कतिजना हात, खुट्टा, नाक, आँखा, मुटु हौंला, कतिजना आन्द्रा, पेट, मृगौला हौंला, फोक्सो, कलेजो हौंला, देखिने नदेखिने शरीरका सबै अंगहरूले आफ्नो काम गरे भने मात्र शरीर स्वस्थ हुन्छ । त्यसरीनै मण्डलीका सबै विश्वासीहरूले आ-आफ्नो वरदान अनुसार काम गरे भने मात्र स्वस्थ मण्डली बन्छ ।

मुटुले मचाहिँ रातो दिन धड्केको धड्केकै, आँखाचाहिँ रातभरि सुत्छ, दिनभरि हेर्छ । सबै मानिसले उसकै चर्चा गर्छन् । मलाई त कसैले देख्दा पनि देख्दैनन् भनेर मुटु पाँच मिनेट बन्द भयो भने के हुन्छ ?

मण्डली खीष्टको देह हो, शरीर हो । उहाँको शरीरका हरेक विश्वासीहरू अंगहरू भएका हुनाले, हरेक अंगले एक अर्कामा दुश्मनी नगरी, आरीस नगरी सबैले आ-आफ्नो सीप, दक्षता, योग्यताअनुसार काम गर्नुपर्छ ।

**किन ? किनकि हामी सबै खीष्टको देहमा एक भएका छौं ।**

कोरिन्थीको मण्डलीमा कतिजना विश्वासीहरूले आफैलाई बढी महत्वको सम्झन्थे (१ कोरिन्थी १२:२१-२७) । कतिजनाले आफैलाई आँखा सम्झन्थे र अरूलाई हात ठान्थे । कम महत्वको ठान्थे । कतिजनाले आफैलाई शिर सम्झन्थे र अरूलाई खुट्टाको जस्तो व्यवहार गर्दथे ।

कोरिन्थको मण्डलीमा धेरै वरदान भएका विश्वासीहरूले कम वरदान भएकाहरूलाई कम महत्व सम्झन्थे । तर शरीरमा आँखालाई हातको आवश्यकता पर्दछ । हातलाई आँखाको आवश्यकता पर्दछ । टाउकोलाई खुट्टाको खाँचो छ, खुट्टालाई टाउको चाहिन्छ । एउटा बिना अर्कोले काम गर्न सक्दैन । त्यसरीनै मण्डलीमा तपाईं र मलाई एक अर्का चाहिन्छ । चंगाईको वरदान भएको व्यक्तिलाई शिक्षकको वरदान भएको व्यक्तिको खाँचो पर्छ । शिक्षकको वरदान भएको व्यक्तिलाई चंगाईको वरदान भएको व्यक्तिको खाँचो पर्छ । वचन प्रचार गर्नेहरूलाई प्रार्थना गर्नेहरूको खाँचो पर्दछ । प्रार्थना गर्नेहरूलाई वचन प्रचार गर्नेहरूको खाँचो पर्दछ ।

**मण्डलीमा कुनचाहिँ सेवकाइ बढी महत्वपूर्ण हुन्छ ?**

सबै सेवकाइहरू नै महत्वपूर्ण छन् । एउटा बिना अर्को चल्न सक्दैन । जसरी आँखाले हातलाई मलाई तेरो दरकार छैन भन्न सक्दैन । शिरले खुट्टालाई मलाई तेरो दरकार छैन भन्न सक्दैन ।

त्यसरीनै मण्डलीमा हामीले मलाई फलानाको दरकार छैन भन्न सक्दैनौं । हामी सबैलाई एकअर्का चाहिन्छ ।

देखिने र नदेखिने सबै अंगहरू एउटै शरीरमा हुन्छन् । सबैलाई एकअर्का चाहिन्छ (१ कोरिन्थी १२:२४-२६) ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **आषाढ २३** July 8 | श्री विष्णु देउला | श्री सरुष तामाङ्ग | एल्डर सिद्धि खालिङ | माया लामा | श्री मिन ब. तामाङ्ग | एल्डर ग्रेस खालिङ | पाष्टर रूबेन श्रेष्ठ | पाष्टर घनश्याम दाहाल | डीकन अनिल चौधरी | श्री सुदान रूचाल | एल्डर अर्जुन ढकाल |
| **आषाढ ३०** July 15 | पाष्टर सिमोन पाठक | पाष्टर अशोक मुखिया | एल्डर सुरेश पुर्कुटी | डीकन भूपाल लामा | श्री सुचन तामाङ्ग | पाष्टर घनश्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | पाष्टर प्रेम श्रेष्ठ | श्री जीवन खालिङ | डीकन कृष्ण नगरकोटी | एल्डर लाक्पा लामा |
| **श्रावण ६** July 22 | एल्डर दिनेश न्यौपाने | श्रीमती माया तामाङ्ग | डीकन सुबोध अधिकारी | एल्डर पूर्ण सुनुवार | एल्डर मन ब. तामाङ्ग | श्री जीवन खालिङ | पाष्टर रूबेन श्रेष्ठ | डीकन रूद्र राई | पाष्टर घनश्याम दाहाल | एल्डर भुवन देवकोटा | श्री फुर्का तामाङ्ग |
| **श्रावण १३** July 29 | एल्डर अर्जुन ढकाल | डीकनेस् रश्मिला तामाङ्ग | श्री पिटर घिमिरे | एल्डर बाग मान तामाङ्ग | एल्डर दिनेश न्यौपाने | पाष्टर प्रेम श्रेष्ठ | डीकन सिमोन भण्डारी | डीकन बाबुराम के.सी. | श्री आशिष खालिङ | एल्डर आनन्द न्यौपाने | पाष्टर प्रेम श्रेष्ठ |
| **श्रावण २०** August 5 | पाष्टर अशोक मुखिया | डीकन कान्छा श्रेष्ठ | डीकनेस् रमा राई | डीकन राम बहादुर तामाङ्ग | श्रीमती निशा तामाङ्ग | पाष्टर बि.बि. खवास | श्री शुकराम तामाङ्ग | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर लाक्पा लामा |

शरीरमा देखिने अंगहरूलाई नदेखिने अंगहरूको आवश्यकता पर्छ । शरीरको बाहिर देखिने आँखालाई राम्रोसँग काम गर्नका लागि मुटु, कलेजो, फोक्सो, मृगौला, गिदी नदेखिने अंगहरू हुन् । तर यी सबै अंगहरूको खाँचो पर्दछ ।

त्यसरीनै ख्रीष्टको शरीर मण्डली हो । स्वस्थ र बलियो भएर काम गर्नका लागि ख्रीष्टमा विश्वास गरेका सानो, ठूलो, पढेका, नपढेका, धनी, गरिब, धेरै किसिमको दान, वरदान, क्षमता, सीप भएकाहरू, कम दान वरदान भएकाहरू सबैको आवश्यकता पर्दछ ।

उदाहरणको निम्ति, मण्डलीको ट्वाइलेट कसैले पनि कहिल्यै सफा गरेन । फोहोर मैला छ, गन्हाएर छिर्नै नसक्ने अवस्था छ भने त्यसको असर क-कसलाई पर्छ ?

सेवाको समयमा पुलपिट अगाडि गाउने, बजाउने, संचालन गर्ने, वचन प्रचार गर्नेहरूलाई मात्र असर पर्छ कि विश्वासीहरूलाई पनि असर पर्छ ? ट्वाइलेट दुर्गन्ध भयो भने यसको असर सेवामा आउने सबैलाई पर्छ । त्यसरीनै मण्डलीका विश्वासीहरूले आ-आफ्नो सीप, क्षमता, प्रतिभा, दान, वरदानअनुसार काम गरेनन् भने त्यसको असर सम्पूर्ण मण्डलीलाई नै पर्न जान्छ । हामीले शनिबारको आराधना सेवाको दिनमा र हप्ताको बीचमा आफूमा भएको सेवाको वरदानलाई पहिचान गरेर प्रभुको सेवा गर्ने मन बनायौं भने मण्डलीले फड्को मार्नेछ । मण्डली शक्तिशाली भएर जानेछ । प्रभुको महिमा मण्डलीद्वारा हुनेछ । तर आँखाले हातलाई हेप्न थाल्यो, शिरले खुट्टालाई हेप्न थाल्यो, कानले आँखालाई हेप्न थाल्यो, आँखाले कानलाई हेप्न थाल्यो, एकाअर्कामा आरीस गर्नथाल्यो, झगडा गर्नथाल्यो, एउटा अर्काको विरुद्धमा गनगन गर्न थाल्यो भने पूरा शरीरको हालत के हुन्छ ? त्यसरीनै मण्डलीका विश्वासीहरूले एकाले अर्काको सेवकाइमा आरीस गर्न थाले, मनभित्र जल्न थाले, एउटाले अर्काको सेवकाइलाई कदर गर्न छोडे, एउटाले अर्कालाई थिच्न थाले भने जसले अर्कोलाई थिचिराखेको छ ऊ पनि तलै झर्छ । मण्डली पनि तल जान्छ ।

मत्ती २५ अध्यायमा प्रभु येशूले सुनको सिक्काको दृष्टान्त भन्नुभयो एउटा मालिकले उसका कामदारहरूलाई बोलाएर तिनीहरूका योग्यताअनुसार एउटालाई ५ सुनका सिक्का, अर्कोलाई २ सिक्का र अर्कोलाई १ सिक्का दिएर बिदा भएर गए ।

धेरै दिनपछि ती नोकरहरूका मालिक आएर तिनीहरूसँग हिसाब मागे ।

५ सिक्का पाउनेले अरू ५ सिक्का कमाएर मालिकलाई बुझायो ।

२ सिक्का पाउनेले अरू २ सिक्का कमाएर मालिकलाई बुझायो ।

१ सिकका पाउनेले जमिनमुनि लगेर गाड्यो र त्यही सिक्कामात्र मालिकलाई बुझायो ।

५ सिक्का र २ सिक्का कमाउने नोकरहरूलाई मालिकले भने, **"स्याबास, असल र विश्वासी नोकर । तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुशीमा सहभागी हो ।"** तर १ सिक्का मात्र बुझाउनेबाट त्यो भएको पनि खोसियो र ५ सिक्का हुनेलाई मालिकले थपिदियो । हामीलाई प्रभुले मण्डलीमा विभिन्न क्षेत्रमा सेवा पुऱ्याउने वरदानहरू दिनुभएको छ । कतिजना धेरै क्षेत्रमा होला, कतिजना एक दुईवटा क्षेत्रमा होला, कतिजना हामी देखिने सेवकाइमा छौं, कतिजना नदेखिने सेवकाइमा छौं ।

तर सबैभन्दा मुख्य कुराचाहिँ प्रभुले हामीलाई मण्डलीलाई बलियो बनाउने काममा दिनुभएका सीप, दक्षता, वरदानहरू प्रयोग गरिराखेका छौं कि छैनौं ?

के हामीले १ सिक्का पाउनेले जस्तो, यो सेवकाइ के हो र, यो त सानो सेवकाइ हो भनेर त्यसलाई वेवास्ता गरिराखेका पो छौं कि ?

प्रभुले हामी सबैबाट एकदिन हिसाब माग्नुहुनेछ । हामीले हिसाबचाहिँ मानिसलाई होइन, प्रभुलाई बुझाउनुपर्ने हुन्छ । त्यतिबेला हामीले प्रभुबाट श्याबासी थाप्ने कि लज्जित हुने ?

## विशेष प्रार्थना

१. झरी वर्षाको समयमा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको कारण दु:ख, कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

२. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दु:ख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

३. अस्पताल तथा घरमा बिरामी भएर उपचार गराइराख्नुभएकाहरू साथै यो वर्ष शोकमा परेका शोकित परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **आषाढ २३** July 8 | श्री प्रेम गुरूङ्ग | डीकन मोहन श्रेष्ठ | डीकन अमृत लामा | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | एल्डर अष्ट श्रेष्ठ | एल्डर पिटर लिम्बू | एल्डर बी.एन पण्डित | एल्डर छोदेन कार्थक | डीकन डि.बि. राई |
| **आषाढ ३०** July 15 | एल्डर पेशल राई | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | श्री चित्र खड्का | एल्डर राज गुरूङ्ग | डीकन अमृत लामा | श्री कुमार सेन्चुरी | श्री प्रेम गुरूङ्ग | श्री अनिल आले | एल्डर बि.एन पण्डित |
| **श्रावण ६** July 22 | डीकन कृष्ण श्रेष्ठ | डीकन सलोमी दों | डीकन अमृत लामा | श्री विकास श्रेष्ठ | डीकन भक्ति लामा | श्री चित्र खड्का | श्रीमती देवकी लामा | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | श्री चन्द्र तामाङ्ग | डीकन बल ब. राई |
| **श्रावण १३** July 29 | श्री लेखनाथ पौडेल | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर राज गुरूङ्ग | डीकन उमेश मगर | डीकन अमृत लामा | पाष्टर सिमोन पाठक | एल्डर जोरविर राई | डीकन सुक्रराज घिमिरे | एल्डर छोदेन कार्थक |
| **श्रावण २०** August 5 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बेन्जामिन तामाङ्ग | पाष्टर कर्ण तामाङ्ग | एल्डर जोरविर राई |

## हार्दिक बधाई एवं शुभकामना



जेष्ठ २८ गते/जून ११ तारिख, आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री रीना श्रेष्ठ र हाम्रो मण्डली, कलंकीको सदस्य श्री संजीव खड्गीको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ २९ गते/जून १२ तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री सबिना महर्जन र नेइम सिर्जनानगर चर्चको सदस्य श्री सरोज सिपाईंको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार ३ गते/जून १८ तारिख, आइतबार नेइम गोंगबूँ चर्चको सदस्य सुश्री मीका पाखिन र न्यू लाइफ चर्चको सदस्य श्री मन्जील थापा मगरको नेइम बानियाँटार चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार ११ गते/जून २६ तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री भुपेन्द्र थापा र सुश्री ज्योति राईको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### जुलाई महिनाको कार्यक्रम

साउन १ गते/जुलाई १७ तारिख सोमबार **महिला उपवास प्रार्थना**
समय : बिहान १०:०० बजे
स्थान: आ-आफ्नो मण्डलीमा ।

## हार्दिक बधाई



नेइम गोंगबूँ मण्डलीको सदस्य सुश्री तारा पुन २०२२ चिकित्सा विज्ञान (एम.बी.बी.एस) मा दीक्षित हुनुभएकोमा मण्डलीको तर्फबाट हार्दिक बधाइ ज्ञापन गर्दछौं ।



नेइम गोंगबूँ मण्डलीको सदस्य श्री आशाप पण्डित २०२३ चिकित्सा विज्ञान (एम.बी.बी.एस) मा दीक्षित हुनुभएकोमा मण्डलीको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।

### जानकारी



ललितपुर बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्रीमती पार्वती थापा ७१ वर्षको उमेरमा जेठ १० गते/मे २४ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।



ठिमी नगदेश बस्नुहुने नेइम सिर्जनानगर चर्चको सदस्य श्रीमती श्रीमाया खड्गी ७४ वर्षको उमेरमा जेठ २८ गते/जून ११ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

वैशाख ३० गते/मे १३ तारिख शनिबार नेइम जोरपाटी सितलपुर, ओखलढुङ्गा संगतिका ४ जना बाल बालिकहरूको बाल अर्पण गरियो ।

जेष्ठ २७ गते/जून १० तारिख शनिबार नेइम ज्ञानेश्वर चर्चमा १२० जना विश्वासीहरूको समर्पण भयो ।

जेष्ठ २७ गते/जून १० तारिख शनिबार नेइम दुई पिपल चर्चको अगुवा श्री गंगा राम न्यासुरलाई एल्डर अभिषेक गरियो ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १७ 2<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>२ तिमोथी ४:१-५ | २४ 9<br>सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुँदै जान सकून् ।<br>कलस्सी २:६-७ | ३१ 16<br>विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>रोमी १०:९-१३ | ७ 23<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ | १४ 30<br>नेइमअन्तर्गतका शाखा-आवद्ध साथै शुरू भएका संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/ सेविकाहरूको कमी नभएको होस् ।<br>मत्ती ९:३५-३८ |
| **सोमबार**<br>Monday | १८ 3<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस् ।<br>यशैया ६२:६ | २५ 10<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १ श्रावण 17<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ | ८ 24<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १५ 31<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>हिब्रू १२:१ |
| **मंगलबार**<br>Tuesday | १९ 4<br>मण्डलीका सबै विश्वासीहरू सधैं प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>मर्कूस १४:३२-४१ | २६ 11<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रहन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>रोमी ८:३७-३९ | २ 18<br>मण्डली परिवार सधैं एक आपसमा प्रेम, मेलमिलापमा रही असल साक्षीद्वारा परमेश्वरको महिमा गर्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | ९ 25<br>दु:ख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १६ August 1<br>सम्पूर्ण विश्वासीहरूको असल साक्षीद्वारा धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:२२-२४ |
| **बुधबार**<br>Wednesday | २० 5<br>मण्डलीका परिवार परिवारमा पारिवारिक वेदी सेलाएर नगएको होस् ।<br>यहोशू २२:१९ | २७ 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ३ 19<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना २०:२१-२३ | १० 26<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट, खेदो, निन्दा सहिरहनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी १२:८-१० | १७ 2<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:४, २४-२५ |
| **बिहीबार**<br>Thursday | २१ 6<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना बाल बालिकाहरू साथै छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९ | २८ 13<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | ४ 20<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | ११ 27<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-२३ | १८ 3<br>मण्डलीका सबै वृद्ध/वृद्धाहरू तथा बेथानी आश्रममा बस्नुहुने बज्यैहरूका लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:३-४ |
| **शुक्रबार**<br>Friday | २२ 7<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार र स्तुति प्रशंसा गर्नुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:११ | २९ 14<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्रता आएको होस् ।<br>भजनसंग्रह २२:४-५ | ५ 21<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बढ्दै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | १२ 28<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | १९ 4<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै प्रभुको कामको निम्ति दिने काममा सधैं इमानदार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ |
| **शनिबार**<br>Saturday | २३ 8<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० | ३० 15<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | ६ 22<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | १३ 29<br>बाल संगतिका बालबालिका-हरू र शिक्षक/ शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>मर्कूस १०:१३-१६ | २० 5<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>हिब्रू १०:२५ |

**तिमीहरूका जीवन रूपैयाँ पैसाको मोहबाट अलग्ग राख । तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, “म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैन, म तिमीहरूलाई त्यागनेछैनँ ।” यसकारण निर्धक्क भएर हामी भन्दछौं, “प्रभु मेरा सहायक हुनुहुन्छ, म डराउनेछैनँ, मानिसले मलाई के गर्न सक्छ ?”**

**हिब्रू १३:५-६**